## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ९ मितिः २०७६/०५/२०

**भाग-२**

**हेलम्बु गाउँपालिका**

**(हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७६/०५/११ मा पारित)**

## सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि - २०७६

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक, पर्ति र सन्धि सर्पण जग्गाहरुको उचित संरक्षण गरि सोको प्रभावकारी र वैज्ञानिक उपयोगबाट जग्गा संरक्षण तथा उपभोग गर्ने अभिप्रायले यो सार्वजनिक जग्गा संरक्षण, उपयोग र व्यवस्थापन गर्ने विषयलाइ समेत यो कार्यविधि मार्ग दर्शक बन्नेछ । यस्तो कानूनको अभावमा सार्वजनिक जमिनको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुन गई गाउँपालिकाको आयमा समेत प्रतिकूल असर पर्न सक्ने, अतिक्रमण हुनसक्ने, जग्गा संरक्षण तथा उपयोग कार्यविधिको आधारमा नै गाउँपालिकाले यस सम्बन्धि योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न सहज हुने देखिएकोले हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ढ) (४) बमोजिम यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६”

रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "सार्वजनिक जग्गा" भन्नाले नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको रेखदेख र संरक्षण रहेका जग्गाहरु सम्झनु पर्दछ ।

(ख) "संरक्षण" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरुको अभिलेख, त्यसमा गाउँपालिकाको नियन्त्रण र त्यस्ता जग्गाको उचित संरक्षण र उपयोग समेतलाई जनाउदछ ।

(ग) "गाउँपालिका र स्थानीय तह" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष वा उपाध्यक्ष " भन्नाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्दछ ।

(छ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(ज) "नीजिक्षेत्र" भन्नाले सार्वजनिक जग्गामा पर्यटकिय संरचना तयार गर्ने गरि कानून अनुसार दर्ता भई नियमानुसार नवीकरण गरेको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

(झ) “पहिलो पक्ष” भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ञ) “दोस्रो पक्ष” सार्वजनिक जग्गा उपयोगका लागि गाउँपालिकासँग सम्झौता गर्ने पक्षलाई सम्झनु पर्नेछ ।

**३ सार्वजनिक पर्ति जग्गाको विवरण संकलन गर्ने** :

(१) गाउँ क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी अभिलेख राखिनेछ । उक्त कार्यमा वडा समिति समेत सार्वजनिक जग्गाको संरक्षण र अभिलेख राख्ने कार्यमा जिम्मेवार हुनु पर्नेछ ।

**४ सार्वजनिक जग्गा उपयोग गर्न सकिने क्षेत्रहरु** :

(१) यस गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको अवस्था विश्लेषणका साथै कुनै पनि हानी नोक्सानी नहुने र जग्गाको स्वरुपमा खासै परिवर्तन नहुने गरी उक्त जग्गालाई गाउँपालिकाको आय वृद्धि हुने गरी देहाय बमोजिम संरक्षण र उपयोग गरिनेछ ।

क. मुल सडकको निश्चित सीमानाभित्र रहेका सार्वजनिक जग्गाहरुलाई कुनै पनि व्यवसायिक प्रयोजनमा उपयोगको योजना नबनाउने ।

ख. हरियाली वन क्षेत्रमा रहेको सार्वजनिक जग्गामा अनुमति विना कुनै संरचना वनाउने उद्देश्यले उपयोग नगर्ने ।

ग. कुनै पनि सार्वजनिक संरचना तथा प्राकृतिक स्रोत र साधनको सम्भावना नभएका र हाल कुनै पनि हिसावले प्रयोगमा नआएका सार्वजनिक जग्गाहरुलाई गाउँपालिकाको हितमा प्रयोग गर्ने ।

घ. सार्वजनिक जग्गासँग सीमाना जोडिएको नीजि क्षेत्रको कुनै उद्योग व्यवसायले उक्त सार्वजनिक जग्गाको उचित संरक्षण, रेखदेख, गाउँको सौन्दर्यता बृद्धि र उक्त जग्गाको सुधार गरी गाउँपालिकाको आयमा अभिबृद्धि हुनेगरी निश्चित रकम उपलब्ध गराउने शर्तमा प्रयोग गर्न दिन सकिने ।

ङ. नीजि क्षेत्रका तर्फबाट पूर्ण रुपले सोही क्षेत्रको लगानीमा पार्क, उद्यान वा पर्यटकिय क्षेत्रका रुपमा विकास गरी गाउँपालिकाको आयमा अभिबृद्धि गर्नका लागि दिन सकिने ।

च. यसरी नीजि क्षेत्रलाई उक्त सार्वजनिक जग्गा प्रयोग गर्न दिदां स्वामित्व हस्तान्तरण नहुने।

छ. गाउँपालिकाको समग्र हित हुने खालका अन्य कार्यहरुमा यस क्षेत्रका सार्वजनिक जग्गाहरुको प्रयोग गर्न सकिने । जस्तै गुम्बा, मन्दिर, माने, खेलमैदान, विद्यालय, होस्टल, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवन, मसानघाट, पार्क, पोखरी, विद्युत आयोजना, पानी घट्ट, प्रतिक्षालय, चौतारी, भ्यु टावर आदि ।

ज. नीजि क्षेत्रका तर्फबाट गाउँपालिकाको नियम बमोजिम राजश्व तिर्नेगरी पर्यटन विकास तथा प्रवर्दनका लागि व्यापारिक प्रयोजनका लागि दिन सकिने ।

झ. जलविधुत आयोजनाका लागि सार्वजनिक जग्गा उपयोग गर्ने भएमा हेलम्बु गाउँपालिका आर्थिक ऐन र अन्य प्रचलित कानून बमोजिम राजश्व लिई सार्वजनिक जग्गा उपयोगका लागि दिन सकिने ।

**५. सार्वजनिक जग्गा उपयोग गर्ने प्रकृया** :

(१) कार्यविधिको बुदां नं ३ बमोजिम पहिचान भएका सार्वजनिक जग्गाहरुलाई देहाय बमोजिम

प्रयोगमा ल्याईनेछ :

क. गाउँपालिकाले आफ्नो लगानीमा उक्त जग्गामा संरचना निर्माण एवं सुधार गर्न सक्ने ।

ख. नीजि क्षेत्रलाई अन्य व्यापारिक प्रयोजन नभई पर्यटकिय संरचना निर्माण जस्तैपार्क, उद्यान निर्माण गरी पर्यटकहरुलाई आकर्षित गर्ने उद्देश्यका साथै नीजि क्षेत्रबाट प्रस्ताव माग गर्न सकिने ।

ग. हाल कुनै पनि सार्वजनिक जग्गा नीजि क्षेत्रले व्यापारिक प्रयोजन वा अन्य प्रयोजनले प्रयोग गरिरहेको भएमा गाउँपालिकाले आवश्यक प्रकिया पुरा गरि करको दायरामा ल्याइनेछ ।

घ. नीजि क्षेत्रलाई उक्त जग्गा प्रदान गरी सो जग्गा उपयोग गर्ने कार्यमा सहजीकरण र सिफारिस गर्न देहाय अनुसारको सिफारिस समिति रहने छ :-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| गाउँपालिका कार्यालयको प्राविधिक कर्मचारी | सदस्य |
| सार्वजनिक जग्गा रहेको वडाको वडा सचिव | सदस्य सचिव |

**६. सार्वजनिक जग्गा उपयोगमा ल्याउनका लागि आवश्यक प्रकृया** :

(१) सार्वजनिक जग्गाको उपयोगका नीजी क्षेत्रलाई संलग्न गराउनका लागि देहायका प्रकृया पुरा गर्नुपर्नेछ ।

क. सहजीकरण समितिको प्रतिवेदन, राजस्व परामर्श समितिको राय तथा सार्वजनिक जग्गा उपयोगमा लगाउन उपयुक्त भएको ठहर ।

ख. सार्वजनिक जग्गाको प्रयोग निश्चित संरचना निर्माण सहित गाउँपालिकाको तर्फबाट प्रयोग गरिने हो वा नीजि क्षेत्रलाई प्रदान गरिने हो सो वारे यकिन ।

ग. गाउँ कार्यपालिकाबाट प्रस्तावको उपयुक्त भएको ठहर सहित निर्णय ।

घ. गाउँपालिका स्वयंले कार्य गर्ने हो भने तोकिएको कार्य प्रकृया अगाडी वढाउने, यदि अन्य नीजी क्षेत्रका तर्फबाट पेश भएको प्रस्ताव स्वीकृत गरिएको हो भने नीजि क्षेत्रसँग सम्झौता सहित कार्य प्रारम्भ ।

छ. नीजि क्षेत्रको प्रस्ताव स्वीकृत गरिएको हो भने सो क्षेत्रका तर्फबाट गाउँपालिकालाई वार्षिक रुपमा प्राप्त हुने रकम बारे स्पष्ट हुनुपर्ने ।

ज. सार्वजनिक जग्गाको संरक्षण र सुधार सहित सामान्य संरचना निर्माण गरी गाउँपालिकाले तोकि दिएको शुल्क लगानीकर्ता नीजि क्षेत्रले संकलन गर्न सक्नेछ ।

झ. यसरी संकलन गरिने रकम मध्ये निश्चित रकम वार्षिक रुपमा गा.पा.लाई बुझाउनु पर्नेछ ।

ञ. गा.पा.लाई वार्षिक रुपमा बुझाउनु पर्ने रकम एकमुष्ट बुझाएमा कुल बुझाउनु पर्ने रकमको ५ प्रतिशत सम्म छुट दिन सकिनेछ भने एकमुष्ट रकम नबुझाई किस्ता बन्दीमा रकम बुझाउने हो भने १ वर्ष म्याद भएको बाणिज्य बैकको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ ।

ट. अन्य आवश्यक शर्तहरु राखी सम्बन्धित पक्षसँग सम्झौता गरी कार्य प्रकृया

अगाडी बढाउन सकिने छ ।

**७. कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने :**

(१) सार्वजनिक जग्गा संरक्षण र उपयोगका सम्बन्धमा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

**८. सम्झौता पुनरावलोकन गरिने** :

(१) यस कार्यविधि बमोजिम गरिएको सम्झौता आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ । पुनरावलोकनका क्रममा लाभ लागत विश्लेषण गरी सम्झौतामा दुवै पक्षको सहमतीमा आवश्यक बुँदाहरु थप घट गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि सहजीकरण समितिले अध्ययन गरी समसामयिक रुपमा सम्झौतामा गर्नुपर्ने हेरफेरका सम्बन्धमा गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(३) उपदफा (१) बमोजिम बजारको अवस्था विश्लेषण गरि वार्षिक रुपमा बुझाउन सहमति भएको रकमका सन्दर्भमा दुवै पक्ष सहमत भई १० प्रतिशत रकम थप गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्ने ।

**९. सम्झौताका शर्तहरु उल्लंघन भएमा सम्झौता तोड्न सकिने** :

(१) सार्वजनिक जग्गा उपयोगका लागि भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ । शर्तहरुको पालना नगरिएको खण्डमा तत्काल सम्झौता रद्द गरि यसबाट भएको हानी नोक्सानी समेत दोस्रो पक्षसँग असुल उपर गरिनेछ ।

**१०. नियमित अनुगमन र प्रतिवेदन हुने** :

(१) सम्झौता बमोजिम दोस्रो पक्षबाट हुने काम कारवाहीका सम्बन्धमा गाउँपालिकाका तर्फबाट नियमित अनुगमन गरिनेछ ।

(२) दोस्रो पक्षले प्रत्येक वर्ष भए गरेका कामहरु, प्राप्त उपलब्धी एवं आई परेका समस्या र समाधानको उपाय सहितको प्रतिवेदन शाखाबाट गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**११. विशेष व्यवस्था भएको हकमा :** (१) अन्य विशेष ऐन, नियमवाली, कार्यविधि लगायतका कानूनमा सार्वजनिक जग्गा उपयोग सम्बन्धि विशेष व्यवस्था भएको हकमा सोहि दफा लागु हुनेछ ।

१२. यस भन्दा माथिका दफाहरुमा जेसुकै लेखिएतापनि यस भन्दा अघि सार्वजनिक जग्गा प्रयोग सम्बन्धि गाउँपालिका/वडा/गाउँसभाले गरेका सिफारिस तथा निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
भीमराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत